# मिसन न्यूज

बेस्ट कर्णाली मिडिया

Mission News National Weekly

www.missionenews.com

राष्ट्रिय साप्ताहिक

वर्ष-५ | अंक-२ | २०७७ साउन १४ गते बुधबार | 29 July 2020 Wednesday | मूल्य रू. १०/-

## विकास बजेट असारे जोखिममा

**मिसन न्यूज**

**कालिकोट**



कालिकोटको रास्कोटमा रंगशाला मध्य असारमा निर्माण हुँदै । तस्विर : मिसन न्यूज

जिल्लाका अधिकांश स्थानिय तहमा असारे विकासले निरन्तरता पाएको छ । विगतका स्थानिय निकाय हुँदा जनप्रतिनिधि बिहिन अवस्थामा हुने असारे विकास अहिले मुलुक संघिय संरचनामा गएपनि स्थानिय तह र प्रदेश सरकारको लाप्रबाहीका कारण असारे विकासले निरन्तरता पाएको हो ।

प्रदेशबाट स्थानिय तहका लागि आउने बजेटको अख्तियारी ढिलाई हुँदा असारमै सम्भौता असारमै विकास हुने गरेको छ । यस्तै जिल्लाको रास्कोट नगरपालिकामा निर्माण हुन लागेको रास्कोट रंगशालाको सहि असार १ गते उपभोक्ता समिति को चयन गरियो , विवादै विवादका विच बनेको अध्यक्षले तलका सचिव, कोषाध्यक्ष लगायतको समिति बनाउदा बनाउदै असार ८ गते नाघ्यो, १० गते बल्ल उपभोक्ता समितिले पुर्णता पायो, र ११ गते नगरपालिकामा निर्माण सम्भौता भयो । कर्णाली प्रदेश सरकार अर्न्तरगत आएको सो आयोजना एक करोडको लागतमा निर्माण गर्नु पर्ने छ, तर, यो आयोजना असार २० गते सम्म एक करोड खर्च गरि सक्नु पर्ने छ, अहिले एक करोड सकाउन, उपभोक्ता लाई रातदिन नभनि धमा धमा काम भइरहेको छ । दश दिनमा एक करोड खर्च गर्दा योजनाको गुणस्तर कस्तो बन्ला ? गर्त वर्षमा पनि रंगशाला निर्माणका लागि आएको एक करोड वजेट पनि जनताको आँखामा छारो हालेर उपभोक्ता समिती मिलेर अनियमितता गरेका थिए । स्काई भेटरमार्फत निर्माण कामदार मार्फतको हाजिरि देखाएर उपभोक्ता समितिका अध्यक्ष र पधाधिकारिहरुले कामै नगरि एक करोड ग्याम पारेका थिए । अहिले पनि गत वर्षकै जस्तो चाला देखिएको स्थानिय रनबहादुर वमले बताए । उनले भने, 'जग्गा मात्र निशुल्क दियौं, समितिमा पनि राखेन, काम गर्न पनी दिएनन, काम डोजरलाई दिए, 'नाम कामदारको राखेर पैसा खाए, 'मुख्यमन्त्रीका नजिको हुँ भन्दै कामै नगरि एक करोड खाए, अझ पनि खाने भए ।

यो त एउटा उदाहरण मात्र हो । यहाँका ९ वटै स्थानिय तहमा प्रदेश सरकार र संघिय सर

**बाँकी ८ पेजमा.....**

## फोन गर्न अग्ला डाँडा

**जुम्ला**-विश्वले सञ्चार क्षेत्रमा ठूलो फड्को मारेपनि नेपाली भाषाको उद्गम स्थल जुम्लाको सिजाका नागरिक तीन वर्ष देखि फोन गर्न अग्लो डाँडा धाउनु पर्ने बाध्यता छ । नेपाल टेलिकमको नमस्ते टावर निर्माण गर्नकालागि ल्याएका लाखौ मूल्यका सामानहरु अहिले छेदबिच्छेद अवस्थामा रहेपछि बिग्रेको टेलिफोन टावर नबनेपछि सिंजावासी सम्पर्क बिहिन भएका हुन् । गाउँमा सुविधा दिदैं आएको टावर बिग्रेपछि मर्मत हुन नसक्दा सिंजाका स्थानीय टेलिफोनको सुविधाबाट बञ्चित हुनु परेको छ । पटकपट कनका सुन्दरी गाँउपालिकाको पहलमा टावर मर्मतका लागि नेपाल टेलिकमलाई अनुरोध गर्दा पनि गाँउपालिकाको वडा नम्बर ६ बिराटमा थ्रिजी सहितको सेवा बिस्तार गर्ने लक्ष्यका साथ ३ वर्ष पहिला ठेक्का गरेको नेपाल टेलीकमले लाखै



मूल्यका सामानहरु ल्याएपनि कुनै टावर मर्मतका लागि चासो नदिंदा सिंजा क्षेत्रका नागरिकलाई फोन गर्न अग्लो डाँडा धाउनु परेको कनका गाउँपालिकाले जनाएको छ । लामो समयदेखि टेलिफोनको टावर नबनेपछि दुई हजार दुई सय ४७ घर परिवारका १३ हजार दुई सय १६ जनानागरिकहरु सञ्चार बिहीन भएको सुन्दरी गाउपालिका वडा नं ३ का स्थानीय लालसिह बुढाले जानकारी दिए । 'वैदेशिक रोजगारीका लागि कतारमा गएका आफ्ना भाइलाई सम्पर्क गर्न आफ्नो घरबाट करिब १ घण्टाको उकालो बाटो चढेर डाँडामा पुग्नु पर्छ,' बुढाले नेपालबोटसँग भने, 'सिंजा ऐतिहाँसिक क्षेत्र भनेपनि टेलिफोनको टावर बनाउने काममा कसैलेपनि ध्यान नदिंदा हामीलाई घर बाहिर गएका आफन्तलाई सम्पर्क गर्न निकै टाढा जानु पर्ने बाध्यता छ ।'टावर मर्मत कार्य नभएपछि टावरका लागि भने ल्याइएका सोलार पाता, ब्याट्री, सरिया सिमेन्ट लगायतका लाखौ मुल्यका सामाग्रीहरु अलपत्र परेका छन् । सोलार पातामार्फत गोठालाले मोबाइल ब्याट्री चार्ज गर्ने काम गरेको स्थानीय बताएका छन् । गाँउपालिकाबाट ५ वटा पत्रहरु नेपाल टेलिकमलाई पत्रचार गरिसक्दापनि नेपाल टेलिकम कार्यालय र ठेक्कादारले कुनै पनि सुनुवाई नगर्दा टेलिफोन टावर बनाउन समस्या आएको कनकासुन्दरी गाउपालिकाका अध्यक्ष नरविर रावतले जानकारी दिए ।

## जिल्ला अस्पताल अन्धकार

**मिसन न्यूज**

**कालिकोट**



जिल्लाको सदरमुककाममा रहेको जिल्ला अस्पताल वत्ती नभएर अन्धकार भएको छ । तपाईंलाई सुन्दा अचम्म लाग्न सक्छ, कुनै स्वास्थ्य संस्थामा टर्च बालेर उपचार गरिन्छ भन्दा । तर अचम्म नमान्नुस् कालिकोट जिल्लामा रहेको जिल्ला अस्पतालमा विद्युत् अभावमा मोबाइलको टर्चकै भरमा बिरामीलाई उपचार गर्ने गरिएको छ । जिल्ला अस्पताल कालिकोटले अहिले बिरामीलाई मोबाइलकै टर्च बालेर उपचार गरिरहनु परेको छ ।

जिल्ला अस्पताल कालिकोट प्रशासनको लार्पवाहिले अहिले जिल्ला अस्पताल अन्धकार भएको छ । कालिकोटमा केही दिनदेखि विद्युत अवरुद्ध भएपछि जिल्ला अस्पतालले बैकल्पिक उर्जाको व्यवस्थापन गर्न नसक्दा बिरामीहरु मर्कामा परेका छन् । कालिकोट जिल्लामा रहेको पोतमारा साना लघु जलविद्युत आयोजनाको नहर भत्किएपछि कालिकोटमा विद्युत् आपुर्ति ठप्प भएको थियो । विद्युत् नहुँदा जिल्ला अस्पताल कालिकोटमा आउने बिरामीले समेत सेवा नपाउने गरेका छन् । जिल्ला अस्पतालमा सोलारको व्यवस्थापन हुन नसक्दा बिरामी र उनका कुरुवाले आफ्नो मोवाईलको टर्चले बिरामीलाई खाना खुवाउनेदेखि लिएर सबै काम मोबाइलको टर्चबाटै गर्नु परिरहेको छ । यति मात्र होइन बिरामीको उपचारमा संलग्न चिकित्सकले समेत आफ्नो मोबाइलको टर्चले बिरामीको सेवा गर्नुपर्ने बाध्यता रहि आएको छ । 'अस्पतालमा भएको सोलार बिग्रेको छ । जेनेरेटको व्यवस्थापन गर्न सकेको छैन बत्ती गयो भने त अस्पताल अन्धकार हुने रहेछ', आफ्नो धर्मपत्निको उपचारका लागि जिल्ला अस्पताल आएका नरहरिनाथ गाउँपालिकाका अर्जुन सहकारीले भने, 'सरकारले दिएको रकम कता खर्च हुन्छ थाहा छैन ।' जिल्ला अस्पतालमा विद्युत सेवा नहुँदा उपचार प्रभावित भएको चिकित्सकहरुले बताएका छन् । रातको समयमा काम गर्न मुस्किल पर्ने गरेको चिकित्सकको गुनासो छ । रातको समयमा आएका सम्पूर्ण विरामीको मोवाईल टर्च प्रयोग गरी उपचार गर्दा आफुलाई पनि समस्या हुने गरेको चिकित्सकले गुनासो गरे । उनीहरुले भने, 'अस्पताल प्रशासनले विद्युतको व्यवस्थापन गर्नुपर्ने हो अहिलेसम्म गर्न सकेको छैन । 'बत्ती अभावमा उपकरण चलाउन समस्या छ, उपचार गर्न आएका बिरामीका आफन्तले ल्याएका टर्च प्रयोग गरी सेवा दिइरहेका छौं ।' यता जिल्ला अस्पताल कालीकोटका निमित्त कार्यालय प्रमुख डा. भिष्म पोखरेलले आफुहरुले जेनेरेटर बालेर सेवा दिइरहेको दाबी गरे । उनले भने, 'विद्युत आपुर्ति बन्द भएकै दिन जिल्ला अस्पताल कालीकोटको जेनेरेटर बिग्रेकाले सानो जेनेरेटरबाट सेवा दिइरहेका छौं ।' डा. पोखरेलका अनुसार, जिल्ला अस्पतालमा सोलारको व्यवस्थापनका लागि पनि पहल गरेको बताए । प्रमुख पोखरेलले अहिलेसम्म जिल्ला अस्पतालमा ९ जना डाक्टरको दरबन्दी भएपछि एक जना आफुले मात्र रहेको बताए । जनशक्तिको अभावै अभावमा वषैदेखि खट्किएको छ ।

# सम्पादकीय...

## कर्जा कारोबार कार्यन्वयन होस्

कोरोनाका कारण व्यवसायमा गम्भीर असर परेर आत्तिएका व्यवसायीलाई सरकारले पुनर्कर्जाको सुविधा दिने बताएको छ र यसको कार्यान्वयन प्रक्रिया शुरू भएको छ। पहिला आश्वासन, त्यसपछि बजेट, त्यसपछि मौद्रिक नीति र अहिले कार्यविधि सार्वजनिक भएको छ। सरकारले दिने राहत भनेको तत्कालीन गर्जो टार्नका लागि हो । त्यसैले पुनर्कर्जा कार्यविधिअनुसार यसलाई सफल कार्यान्वयनका लागि सम्बद्ध सबै चनाखो हुनुपर्ने देखिएको छ । राष्ट्र बैंकले पुनर्कर्जा प्रवाहमा नीतिगत व्यवस्था गर्दा जति उदारता देखाएको छ यसको कार्यान्वयनमा त्यति नै कडा बन्न पनि जरुरी देखिन्छ। अन्यथा  पुनर्कर्जाको व्यवस्था प्रशंसाको विषय मात्रै बन्न सक्छ ।

कोरोनाका कारण ठप्प भएको व्यवसायलाई जोगाउन र सञ्चालनमा ल्याउन पुनर्कर्जा, कर्जाको पुनर्तालिकीकरण, साँवा र ब्याज बुझाउने भाका थपलगायत व्यवस्था गरिएका छन्। यसबाट व्यवसाय बचाउने मात्रै हो । व्यावसायिक लाभ लिने होइन । अर्थात्, दुर्घटनामा परेको व्यक्तिलाई अस्पतालको आकस्मिक कक्षमा पुर्‍याइएको जस्तो हो । नगरी नहुने तत्कालीन उपचार मात्रै त्यहाँ हुन्छ। कोरोनाबाट दुर्घटनाग्रस्त व्यवसायका लागि चाहिएको सरकारी सहयोग यस्तै हो । यसमा ढिलाइ भयो भने त्यसले अन्य समस्या निम्त्याउन सक्छ । बन्दाबन्दी खुकुलो बनाउँदै त्यसलाई औपचारिक रूपमा अन्त्य भएको घोषणा गरेपछि व्यवसायीहरूलाई थोरै भए पनि कर्मचारीको बाँकी तलब दिन, घर भाडा बुझाउन र व्यवसायलाई सञ्चालन गर्न तत्काल केही रकम आवश्यक हुन्छ । यसैका लागि व्यवसायीले पुनर्कर्जाको माग गरेका हुन् । राष्ट्र बैंकले पुनर्कर्जा वितरण गर्न कार्यविधि बनाइसकेको छ । अब यसलाई यथाशीघ्र कार्यान्वयनमा लैजाने बैंकहरूलाई तुरुन्तै निर्देशन दिनुपर्ने देखिन्छ । पुनर्कर्जामा राष्ट्र बैंक निकै सकारात्मक भएको देखिएको छ, जुन कार्यान्वयनमा पनि देखिनु आवश्यक छ ।

### जनचेतना मुलक सन्देश

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई  स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**

### प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।**

**खाँडाचक्र नगरपालिकाको कार्यालय**
**कालिकोट**

## दुर्गम गाउँमा खानेपानीको अभाव

**मिसन न्यूज**
**मुगु**

जिल्लाको छायानाथ रारा नगरपालिकामा अहिलेसम्म सबै नगरपालिकावासी स्थानीयवासीहरुलाई स्वच्छ खानेपानीको अभाव देखिएको छ। नगरपालिकामा रहेका ४ हजार ९ सय ८३ घरधुरीका २५ हजार ३ सय ४६ स्थानीयवासीहरुले अहिलेसम्म स्वच्छ पानी खान पाएका छैनन । कुर घरधुरी मध्य २ सय ४४ घरधुरी खानेपानीमा



पहुँच नहुँदा समस्यामा छन भने ५ सय ३९ घरधुरी सुरक्षित खानेपानीमा भएको खानेपानी सुरक्षा योजना चलाई रहेको हिरिसडेक मुगुले जनाएको छ।

छायानाथ रारा नगरपालिका वडा नम्बर २ चैन गाउँका ५० घरधुरी र वडा नम्बर ३ तलितुमका ५२ घरधुरीका लागि खानेपानी योजना सञ्चालन गरि रहेको स्थानीय गैर सरकारी संस्थाले नगरपालिकामा भएको खानेपानी समस्याका विषयमा जानकारी दिएको हो । पहिले गाउँमा खानेपानीको अभाव हुँदै आएको , गाउँमा खानेपानी आउने भए पनि फोहोर तथा दुषित पानी पिउनु पर्ने बाध्यता भए पनि अहिले शुद्ध रुपमा खानेपानीको व्यवस्था भएको र घरघरमा सुरक्षित धारा बनि रहेका कञ्चने ढाड खानेपानी उपभोक्ता समितिकी अध्यक्ष बैदेवी रावलले बताए। त्यस्तै वडा नम्बर २ चैन गाउँका पचास घरधुरीका लागि पनि धारा निर्माण भई रहेका छन । चैन गाउँका स्थानीयवासीहरुले यो भन्दा पहिला चैन खोलामा रहेका मुलधारा बाट पानी खाई रहे पनि अहिले घरघरमा धारा पुगे पछि समय बचतसंग स्वास्थ्य अवस्थामा सुधार भएको वडा नम्बर २ चैनका वडाध्यक्ष परेकराज चौलागाईले जानकारी दिए। चैन गाउँको खानेपानी योजनामा समेत हिरिसडेक मुगुले सहयोग गरेको स्थानीयवासीले बताएका छन ।

### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

**वन डढेलो रोकथाम गर्ने उपायहरुः-**

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर ।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा  अग्नी रेखा निर्माण गरेर ।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने ।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

**वन डढेलो नियन्त्रण गर्ने उपायहरुः-**

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाईप्रति अग्नी विधी (Conter Fire Method ) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे  (  Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर ।

**डिभिजन वन कार्यालय,कालिकोट**
**कर्णाली प्रदेश,नेपाल**

# आखिर गरे नहुने के नै छ र यहाँ



केशव बहादुर कठायत

आफ्नो गाउँ आँफै बनाउनु पर्छ भन्ने मान्यता राख्ने म यही देशमा बसेर माटोलाई माया गर्न पाउने भाग्यमानी युवाहरु मध्ये आफु पनि एक हुँ भन्न पाउँदा गर्व लाग्छ । जन्मदिने आमाको काखमा सुस्ताउन पाउँदा सबै पिडा र ऐठन पनि भाग्छ । म यो देशको आम युवा हुँ । देश राजनैतिक सङ्क्रमणकालबाट गुज्रिरहेको थियो । त्यही समयमा म आफ्नो उच्चशिक्षा पछि अवसरहरुको खोजिमा भौंतारिदै विदेशी भुमिमा पसिना बगाएको थिएँ, मेरो देशको लागि । पर्यटन तथा हस्पिटालिटीको विद्यार्थी हुँदै आज यो क्षेत्रमा बामे सर्दै गर्दा विदेशीने युवाहरुलाई नेपालमै आत्मनिर्भर अनि रोजगारिका अवसरहरु सिर्जना गर्न सकिन्छ भन्ने आशा र विश्वासका साथ अगाडि बढको छु । अझ आफ्नै कर्णालीका गाउँ, पखेरा र बस्तिहरुमा रैथाने बालिहरुको संरक्षण र प्रवर्द्धनबाट त्यो ठाउँको कृषिले यो क्षेत्रका कृषकलाई फाईदासँगै ग्रामीण पर्यटनको अथाह सम्भावनालाई हामीले देखेका छौं ।

हामी युवा पुस्ताहरुलाई अत्यन्त चिन्ता पनि छ, कि अहिलेको यहि विद्यमान अर्थ( राजनीतिक संकटबाट राष्ट्र र सन्ततिहरुको भविष्य सहि ठाउँमा अवतरण होला त ? देश कोरोनाबाट आक्रान्त छ । विद्यालयहरु बन्द छन । अनलाइन कक्षाहरुको सञ्चालन भन्या जस्तो सम्भव छैन । गाँउका युवाहरु अनुत्पादक फेसबुक र टिकटकका वालहरुमा अल्मलिरहेको दुस्खद अवस्था एकातिर छ, भने अर्कोतिर बाढि(पहिरोले सयौं मानिसहरुको निधन भएको छ, कृषकहरुको तरकारीजन्य उत्पादन बारीमा नै कुहिरहको छ । व्यवसायीहरुलाई बैंकको ब्याज तिर्न समस्या छ । पर्यटन व्यवसाय धरापमा छ । सिङ्गो देशको अर्थतन्त्र धरापमा छ । त्यसैमाथि नेपालको अर्थतन्त्र भारुमा निर्भर छ, मानौं यदि भारु लुड्कियो रे तब हाम्रो हालत के होला ? ! तर यो वेला देशका प्रम ओली भने, अयोध्या र राम नेपाली हो, भन्ने अभिव्यक्ति दिनुहुन्छ । वेलावेलामा आउने यस्ता अभिव्यक्तिले छिमेकि देशसँगको सम्बन्ध कस्तो रहने होला ? छिमेकिले देशको सिमा मिचेको कति गाँउहरु बिहान उठ्दा एकैरात अर्को देशमा भेटिन्छ तर तर राज्य जमिन फिर्ता गर्न पहल गर्दैन । सिमाका जनताको हातमा लालपुर्जा नामको कागज छ तर जोतभोग गर्न बन्चित छन् । आफ्नो गुमेको जमिनको लालपुर्जा बोकि सरकारका सम्बन्धित निकाय धाउँदा वाक्कदिक्क भई निरिह आँशु बगाउँदै अरु कुनै उपाय नलागी आँशु झार्दै मिडियामा बिलौना पोखिराखेको दृश्यहरु यत्रतत्र भेट्न सकिन्छ । उनै गरिब जनता जो हरेकदिन सिमाना पिल्लर बनी उभिइरहेकाछन्, उनैलाई धोतिको संज्ञा दिने उग्रराष्ट्रवादी चिन्तन र देश टुक्राउनु पर्छ भन्ने अभिव्यक्ती दिँदै हिँड्ने बिखण्डनकारि सिके रावत जसलाई चिसो छिँणिको हावा खुवाउनु पर्ने हो, उसैलाई सरकारको मलजल अनि राजनितिक मुलधारमा ल्याएको खबर देशका कर्पोरेट मिडियामा सुन्दा धिक्कार लाग्छ । यहाँ कुरा लिम्पियाधुराको उठ्छ । कालापानिको कुरा उठ्छ । जहाँ चालिसौं वर्षदेखि भारतिय सेना छ, जसले त्यो भुमिको तस्वीरसम्म लिन दिन्न । यो भुभाग हाम्रो हो भन्ने आधार हामि १८१६ को सुगौलि सन्धिलाई लिएर बहस गर्छौं, जुन ब्रिटिश ईस्टइन्डिया कम्पनिसँग भएको थियो ।

यहि ब्रिटिश ईस्टइन्डिया कम्पनिले निकालेको नेपाल - भारत सिमा छुट्याईएको नक्शा, अनि यो सन्धि पछि उसले हरेक तिस - तिस वर्षमा निकाल्ने नक्शाको कुनैपनि प्रतिलिपी हाम्रो देशको सिंहदरबारमा छ होला ? सिंहदरबारमा कुनैबेला आगलागि भएको थियो भन्ने ईतिहासमा पढेको थिएँ, विद्यालयको हाजिरिजवाफ प्रतियोगितामा आउने प्रश्नमा । के आशा गरौँ र ! सुगौलि सन्धि पछि हरेक तिस वर्षमा प्रकाशित नक्शाहरु सुरक्षीत होलान् आगलागी पछि ? यति भनिरहँदा राष्ट्रवादीहरुलाई तितो अनुभव लाग्न सक्छ । हामी भित्र देशभक्तिले भरिएको विशाल हृदय छ । सुर्य चन्द्र अंकित झण्डा शिरमाथि छ । नेपालीहरु आफ्नो देशको मामिलामा जे पनि गर्न तयार हुन्छन् । देशको माटो सर्वस्व ठान्ने हामी चाहे आफ्नो भौतिक शरिरको प्रबाह नै नगरिकन किन नहोस् ! यस्तै सेन्टिमेन्टले नै होला यथार्थ भन्दा अलिफरक सडकिय उग्ररराष्ट्रवादको शैलिलाई बढवादिने । विश्वमा कनैपनि देशका सिमा विवादका विषय कि ‘लडाईं या कुटनिति’ यी दुई बाहेक अरु कुनै तरिकाबाट सम्भव छैन । यहाँ देशको सुरक्षाको अन्तिम अस्त्र नेपाली सेनालाई ठेक्कापट्टामा अल्मल्याइयको छ । न त सेनालाई विवादित सिमानामा पठाउने गरिन्छ, न कुटनितिक तरिकाबाट समस्या समाधान गर्छन । केवल खालि उत्ताउलो राजनिति र उट्पट्याङ कुराले सडक तताउने गरिन्छ । यसो भनिरहँदा हिंसा अनि हिंसात्मक कुरालाई बढवा दिन खोज्या पक्कै होइन र म हिंसामा विश्वास पनि गर्दिन । कुनैपनि समस्याको समाधान हिंसा होइन पनि । बुद्ध जन्मेको देशको युवालाई यो कुरा शोभनीय पनि छैन । हुँदैन पनि हजुरबुबाको कुरा । नेपाल भन्ने देश काठमाण्डौंको खाल्डोलाई मात्रै भन्थे रे उतिबेलाका मानिसहरु । हजुरबुबाहरुले गरेको गफ घरको आँगन हो या चौतारिमा पछि स्कुल पढ्दा पृथिविनारायण शाहको नेपाल एकिकरण अभियान, बहादुर शाहको योगदान जुन आफ्ना बुबाले बोकेको विशाल नेपालको सपनालाई साकार पार्ने इतिहास । अनि नेपाल र नेपालीको रक्षाका लागि बलिदानि दिने विर शहिदहरुलाई सामाजिक सञ्जालमा बहसको विषय बनाउने कथित बुद्धिजीवी भनाउँदाहरुको बहस नपढ्या पनि होईन । पछिल्लो समयमा, को बढि राष्ट्रवादी बन्ने भन्ने होडबाजिमा छन् सबैजना । नाकाबन्दीताका जुन छिमेकि विरुद्धको पत्ता नेपालि समाजमा फ्याँकियो यसले राम्रै काम गर्यो पनि । विनाशकारी भुकम्पको वेला बढेको कालोबजारी जतिवेला एउटा सामान्य उदाहरण (१३०० मा पाइने खाना पकाउने ग्यास ७००० सम्म तिर्दाको त्यो पिडाहरु कति छन् कति ।

जब कालोबजारीको समाचार सामाजिक सञ्जाल र मिडियामा देखिन्थ्यो रिसको कुनै सिमा रहँदैन हाम्रो तब सडकमा उफ्रिने र उफ्रिन लगाउनेको भिड उहि फेरि । हालैका घटनाहरु नियालौं न । जुन तत्वले मिडियाको सहायताबाट सडकिय शैली अपनाउँदै थियो र त्यसले सदनमा दबाब दियो । तब भिड शान्त पार्न निम्छरो तवरले नेपालको नक्शामा त्यो चुच्चो भाग कहिल्यै नपढेको, नक्शा मात्रै किन गुमेको जमिन नै फिर्ता लिएर आउने छौं । जस्ता हलुका अभिव्यक्ती पोखे । पछि चौतर्फि दबाबपछि चुच्चे नक्शा सर्वसम्मतिले पारित भयो । मानौं, त्यो भित्ते नक्शामा बस्ति नै बस्यो नेपालको । कतिले यतिसम्म सस्तो अभिव्यक्ती दिन भ्याए कि राजा महेन्द्रले बेचेको भुमी फिर्ता हामीले गर्यौं रे ? राजा महेन्द्रले बेचेको कुनै प्रमाण त होला ? खैर, राजा महेन्द्र अनि देश आफैँमा बहसको विषय होला, अहिले त्यतातिर नजाउँ । धेरै कुरा नाङ्गिएर आए पछिल्लो चरणमा राष्ट्रवादी को ? भन्ने कुरामा । उता अमेरिकामा राष्ट्रपति डोनाल्ड ट्र्म्पको धोति फुस्कन लागिसक्यो, उसको आफ्नो अमेरिकन राष्ष्रवादी शैलिले पछिल्लो चरणमा । अहिले केहि सिप नलागेपछि चीनसँग युद्दको तयारिमा लाग्या छ । कुनदिन चाइनिजहरुले धुलो चाटाउने हुन् अफिसियल्लि हैर्न बाँकि नै छ । प्रधानमन्त्री ज्यु, अब यो भारतीय कार्ड प्रयोग गरि फेरिपनि राष्ट्रवादी बन्ने चक्करले कतै फस्नुहोला होस गर्नुहोस् । इतिहास मेटिदैन थाहै छ । तपाईं हाम्रो देश नेपाल अनि हामी नेपालीको सम्माननिय व्यक्ति हो । भन्नेहरुले त सामाजिक सञ्जालमा लंका हाम्रै देशको कोशिटप्पुमा छ । हस्तिनापुर, कुरुक्षेत्र अनामनगरको वरिपरि छ । राँचि झारखण्डमा होइन, महाराजगंजको वरिपरि नै छ समेत भन्न भ्याए । हजुरलाई ठुलो अवसर छ, इतिहासको पानामा स्वर्णिम अक्षरले आफ्नो नाम रंगाउने । देशमा अस्थिरता नहोस् ! जब देश अस्थिरताको भुमरिमा फँस्छ त्यसको पिडा कर्णालीको एउटा विकट जिल्ला कालिकोमा हुर्केबढेको ठिटोलाई बाध्यताले विदेशी भुमिमा पसिना बगाउनु परेको पिडा र हेपिएको अवस्था सम्झिँदा सम्पन्न शहरको एउटा घरको कुनामा बसि देशको स्थितिलाई नियाल्ने सामाजिक सञ्जालमा लाईक र कमन्ट ठोक्ने जमातलाइ के थाहा होला ?

अब त ग्रेटर नेपालको मुद्दा उठान गर्ने केहि बुद्धिजीवीप्रति पनि शंका पो लाग्न थाल्यो । हुन त एमसिसि जस्तो मुद्दालाई केहि डिजिटल मिडियाको सम्पादकिय लेखनलाई आधार बनाई यहि नै सहि हो भनि बहस गर्ने डलरे बुद्धिजीवीहरु र आफैंलाई माननिय ठान्नेहरुको पनि कमि कहाँ छ र हाम्रो समाजमा ? अब उप्रान्त युवाहरु मिलेर नै गाउँ र समाज विकासको लागि बढ्ने प्रण गर्नुपर्छ । उग्रराष्ट्रवादको नाममा सडकमा पोखिने उर्जा अब बाँझा खेतबारिमा कोदालो र फरुवा समाई सुन फलाउने तर्फ लाग्नुपर्छ । अघि बढ्नु पर्छ सकारात्मक सोचाईका साथ युवाहरु एक ढिक्का भई । तब असली राष्ट्रवादी हुनेछौं । युवाहरु सडकमा हैन बाँझा खेत र बिकास निमार्णका काममा पोखिन जरुरत छ । नेताहरुको राजनितिक झोले भयर हैन देशका खम्बा बनेर उभिन आबश्यक छ । यसैमा छराष्टवाद र देशको उन्नत भविश्य पनि । लेखक : कुलीनरी दहस्पीटालिटी सेन्टर सुर्खेतका संचालक हुन् ।

कुसेन्युजबाट

# ठाउँ-ठाउँमा पहिरो जाँदा सेवा प्रभावित

**मिसन न्यूज**
**कालिकोट**



जिल्लाका विभिन्न ठाउँमा पहिरो खस्दा विद्युत तथा अन्य सेवाहरु प्रभावित भएको छ। जिल्लाको नरहरीनाथ गाउँपालिका ९ लालुको खुलालु लालु सडकखण्डअन्तरगत गर्खेको भीरमा पहिरो खस्दा एकजना स्थानीय पहिरोमा पुरिएका छन् । आइतबार पहिरोमा परेर १६ वर्षीय पारस भण्डारी पुरिएको जिल्ला प्रहरी प्रमुख डीएसपी श्यामबाबु ओलीयाले जानकारी दिए।

उनका अनुसार पहिरोमा पुरिएका भण्डारीको उद्धारका लागि नेपाली सेना, नेपालल प्रहरी र सशस्त्र प्रहरीको टोली घटना स्थलमा रहेको र निरन्तर वर्षासँगै पहिरो खसिरहेकाले उद्धार गर्न सकिएको छैन् । प्रहरीका अनुसार गर्खे भीरमा चट्टान फुटेर पहिरो खसेको छ । उक्त पहिरो अहिले पनि रोकिएको छैन्। पहिरो रोकिना साथ पुरिएका भण्डारीको खोजी गरिने प्रहरीले जनाएको छ। यस्तै जिल्लाको पचालझरना गाउँपालिका ४ स्थित लाफागाड लघुजलविद्युत आयोजना पहिरोका कारण अवरुद्ध भएको छ। गत वर्षको साउन महिनादेखि नै नियमित सूचारु भएको उक्त विद्युत आयोजना पहिरोका कारण ५० मिटर क्यानेल भत्काइ दिएपछि अवरुद्ध भएको हो । लाफागाड लघुजलविद्युत आयोजनाका अध्यक्ष बिष्णुलाल न्यौपानेले पहिरोका कारण जलविद्युत आयोजना अवरुद्ध भएपछि पचालझरना गाउँपालिकाका विभिन्न वडाका करिब ८ सय घरधुरी अन्धकार बनेको बताए। उनले ३ करोड ५ लाख उधारोमा एक वर्ष अगाडि विद्युत आयोजना संचालनमा ल्याएमा पनि ऋृण तिर्न बाँकी नै छाउनले भने, 'लाफागाड लघु जलविद्युत आयोजनाको कुल लागत ७ करोड ४८ लाख लगानी भएको छ। हालसम्म २ करोड ४२ लाख २५ हजार बैकल्पिक उर्जाको अनुदान, प्रदेश सरकारबाट यसै आबमा १ करोड र पचालझरना गाउँपालिकाले १ करोड १५ लाख गरी ३ करोड ५७ लाख ५२ हजार बजेट प्राप्त भएको छ। ' अझै आयोजना निर्माणमा भएको खर्च व्यवस्थापन गर्न सकिएको छैन् ।८५ किलोवाट क्षमताको लाफागाड लघुजलविद्युत आयोजनाबाट पचालझरना गाउँपालिकाका ८ सय बढी घरधुरी लाभान्वित भएका छन्। अझै सबै विद्युत खपत भएको छैन्। यस्तै जिल्लाको सदरमुकाम समेत रहेको खाँडाचक्र नगरपालिका, रास्कोट नगरपालिका र सान्नीत्रिवेणी गाँउपालिकामा बिद्युत सेवा विस्तार भएको पोत्मारा साना जलविद्युत आयोजना पनि पहिरोका कारण साउन २ गतेबाट अवरुद्ध छ।

नेपाल विद्युत प्राधिकरण कालिकोट वितरण केन्द्रका प्रमुख मेगराज जोसीले पहिरोका कारण पोत्माराको विद्युत उत्पादन पूर्ण रुपमा बन्द रहेको जानकारी दिए। उनका अनुसार करिब ३२ मिटर क्यानेल पहिरोले बगाएको छ । उक्त स्थानमा जाली भरेर पाइपमार्फत पानी पास गर्न रास्कोट श्रम रोजगार बैंकमा आवद्ध युवाहरुले काम गरिरहेका छन्। विध्युत उत्पादन बन्द भएपछि कालिकोट अन्धकार भएको छ । पोत्माराकै विद्युतको भरमा रहेको टेलिकमबाट हुने नेट इन्टरनेटका साथै टेलिफोन सेवा तथा अन्य सरकारी कार्यालयको काम समेत प्रभावित भएको छ।







## स्वास्थ्य सन्देश

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस्।

महावै गाउँपालिकाको कार्यालय
कालिकोट

## प्रकोप नियन्त्रणको सूचना

मौसम बदलीका कारणले बिभिन्न प्रकार रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौं। बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो। सबै त्यसैमा लागौं।

तिलागुफा नगरपालिकाको कार्यालय
कालिकोट

# किर्ते हस्ताक्षर गरी लाखौं रकम भुक्तानी


**मिसन न्यूज**

**कालिकोट**

कृषि विकास कार्यालय कालीकोटले कार्य सम्पन्न नभएकै भुक्तानी दिएको पाइएको छ। जिल्लाको सान्नित्रिवेणी गाउँपालिका वडा नं ५ मा रहेको कालीका प्रारम्भिक उत्पादन कृषक समुहलाई कृषि विकास कार्यालयले कार्य सम्पन्न नभएरै २२ लाख ८ हजार रकम भुक्तानी दिएको हो। सान्नीत्रिवेणी गाउँपालिकालाई अर्गानीक नमुना गाउँ कार्यक्रम अन्तरगत कृषि विकास कार्यालयको कुल २२ लाख ४२ हजारको योजनामा कृषि विकास कार्यालयले २२ लाख ८ हजार ३ सय ७० रुपैयाँ भुक्तानी दिएको हो। आर्थिक वर्ष २०७६र०७७ मा प्रदेश सरकारका मार्फत संचालित योजनामा कार्य सम्पन्न नभएरै कृषि विकास कार्यालयले भुक्तानी दिएको हो।

कृषि विकास कार्यालयको चरम लार्पबाहीले कालीकोट जिल्लामा संचालित अधिकांश योजना अहिलेसम्म पनि सम्पन्न भएका छैनन् तर ती योजनाको भुक्तानि भने असार ३१ गतेभित्र भईसकेको छ। अर्गानीक नमुना गाउँ कार्यक्रम अन्तरगत काम नभएर नै रकम भुक्तानी दिएको सान्नित्रिवेणी गाउँपालिका वडा नं ५ का वडाध्यक्ष नरेश बमले बताए। सान्नित्रिवेणी गाउँपालिका वडा नं ५ मा रहेको कालीका प्रारम्भिक उत्पादन कृषक समुहका अध्यक्ष ललिजन बमले वडाध्यक्ष नरेश बमको किर्ते हस्ताक्षर गरेर लाखौ रकम भुक्तानी लिएका छन्। योजना सम्पन्नका लागि





वडाध्यक्षले सिफारिस गर्नु पर्ने भएपनि कृषक समुहका अध्यक्ष बमले गाउँपालिकाको सिफारिसमा वडाध्यक्ष नरेश बमको किर्ते हस्ताक्षर गरि २२ लाख ८ हजार ३ सय ७० भुक्तानी लिएका हुन्। वडाध्यक्षलाई पटक पटक सिफारिसका लागि आग्रह गर्दा नगरिदिएपछि आफुले किर्ते हस्ताक्षर गरेर रकम भुक्तानी लिएको बमले बताए। उनले भने 'वडाध्यक्ष नरेश बमले सिफारिस दिनका लागि योजनाको १० प्रतिशत रकम मागेपछि आफुले दिन नसक्ने भएकाले किर्ते हस्ताक्षर गरेको हुँ।' आफुसंग १० प्रतिशत मागेको कुनै पनि प्रमाण नभएको तर बाटोमा वडाध्यक्षले १० प्रतिशत दिने भए सिफारिस दिने भनेको बमको आरोप छ। उनले भने 'अहिले वडाध्यक्षले किर्ते हस्ताक्षर गर्यो भने पनि उनले वडामा दिने अधिकाँश सिफारिस किर्ते नै हुने गरेका छन्।' यता वडाध्यक्ष नरेश बमले आफुले कुनै पनि उपभोक्ता समितिबाट रकम नमागेको बताए। उनका अनुसार कालीका प्रारम्भिक उत्पादन कृषक समुहले कार्य सम्पन्न नगरेरै सिफारिस माग्न आएकाले आफुले नदिएको बताए। बमले भने, 'त्यो योजनाको अहिले पनि कार्य सम्पन्न भएको छैन, यदि कृषक समुहबाट मैले कमिशन मागेको प्रमाण कृषक समुहले पेश गर्न सकेमा जुनसुकै कार्वाही भोग्न तयार छु।' केही समयपछि कृषक समुहका अध्यक्ष ललिजन बमले आफुले वडाध्यक्षले कुनै पनि रकम नमागेको आफुले सिफारिस नदिएको आभेषमा झुटो आरोप लगाएको अन्तमा आएर बताए। यता वडाध्यक्ष नरेश बमले आफ्नो किर्ते हस्ताक्षर र सरकारी सहि छापको दुरुपयोग गरेकाले कृषि विकास कार्यालयका कर्मचारी र कृषक समुहका पदाधिकारीका लागि अदालतमा मुद्धा दिने जनाएका छन्। कार्य सम्पन्न नभएको योजनाको अनुगमन रिपोटमा सान्नित्रिवेणी गाउँपालिकाका अध्यक्ष डम्बरबहादुर शाहीले कार्य सम्पन्न भएको भन्दै अनुगमन रिपोट पेश गरेर भुक्तानि दिन सिफारिस गरेका छन्। कृषि विकास कार्यालयले अर्गानीक नमुना गाउँ कार्यक्रम अन्तरगत चाहिने सामाग्री नआएकै भुक्तानी दिएको छ। कालिकोट जिल्लामा संचालित अधिकाँश योजनाको सामाग्री नआएरै कृषि विकास कार्यालयले भुक्तानी दिएको छ। कतिपय योजनाका सामाग्री बाटोमा नै थन्किएका छन् तर ती योजनाको पुरा भुक्तानी कार्यालयले दिएको छ। कृषि विकास कार्यालयका प्रमुख भरत बस्नेतले लकडाउनका कारण अधिकांश योजनाको अनुगमन गर्न नसकेको जनाए। उनले भने, 'हामीलाई पनि थाहा छ कुनै पनि योजनाको कार्य सम्पन्न भएको छैन तर पनि हामीले भुक्तानी दिनुपर्ने बाध्यता भयो।' यसरी कृषि विकास कार्यालय कालीकोट मार्फत संचालित योजना सम्पन्न नहुर्दै भुक्तानी दिनु पर्ने बाध्यतालाई आर्थिक मिलेमतो भएको अनुमान गर्न सकिन्छ। गत वर्षपनि यस कार्यालय मार्फत आएका योजनाहरुमा व्यापक अनियमितता भएपछि कृर्षि तथा सहकारी मन्त्रालयले, कडा निगरानि थालेपनि यस वर्षपनि अधिकांस योजनाहरुमा कार्यालयको र उपभोक्ता समितिको मिलोमतोमा कार्यसम्पन्न नभएकै भुक्तानी दिँदा यस्तो आरोप लाग्ने गरेको छ। यस्तै शान्नि त्रिवेणिमा मात्र होइन, जिल्लाको महावै गाउँपालिकाका योजनाहरुमा पनि कृर्ते हस्ताक्षर गरी कार्यालयले भुक्तानी दिएको गुनासो आएको छ।

**प्रकोप र महामारी सम्बन्धमा**

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

**तिलागुफा नगरपालिकाको कार्यालय**
**कालिकोट**

**क्षयरोग (टि.बी.) का लक्षणहरु**

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु।
२. साझँ पख सधैं ज्वरो आउनु।
३. खाना खान मन नलाग्नु।
४. तौल (वजन) घट्नु।
५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

**नरहरीनाथ गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**हाम्रो सन्देश**

स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझों जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिकहक लाई कार्यान्वयन गरौं, गराऔं।

**सान्नी त्रिवेणी गाउँपालिका**
**कालिकोट**

**स्वास्थ्य प्रतिष्ठा, विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी, संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइ दए पछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**स्वास्थ्य कार्यालय कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

# फैसलाविरुद्ध कालिकोटमा युवाको विरोध

**मिसन न्यूज**
**कालिकोट**

पत्नी हत्यामा दोषी रञ्जन कोइराला प्रकरणमा सर्वोच्च अदालतले असार १५ गते गरेको फैसलाविरुद्ध कालिकोटका युवाले विरोध प्रदर्शन गरेका छन्। श्रीमतीको हत्या गरेको अभियोगमा सर्वस्वसहित जन्म कैदको सजाय पाएका सशस्त्र प्रहरी बलका तत्कालीन डीआइजी रञ्जन कोइराला साढे ८ वर्ष जेल बस्दा पनि 'सजायको मकसद पूरा हुने' भन्दै प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबरा र न्यायाधीश तेजबहादुर केसीको इजलासले गरेको सजाय घटाउने फैसलाको विरोधमा प्रदर्शन गरेका हुन् । अदालती अड्डा भ्रष्टाचारको अखडा, न्याय खोज्न कहाँ जाँऊ, ज्यानमारालाई उन्मुक्ति दिन पाइँदैन जस्ता नाराबाजीसहित युवाहरुले मान्मा बजारमा प्रदर्शनका साथै प्रतिमा चोकमा पुगेर कोण सभा गरे विरोध गरेका हुन्। काठमाडौं जिल्ला अदालतले ७ वैशाख २०७१ मा उनलाई पत्नीको हत्याको अभियोगमा दोषी ठहर गर्दै सर्वस्वसहित जन्मकैद हुने फैसला गरेको थियो । काठमाडौं जिल्ला अदालतका न्यायाधीश महम्मद जुनैद आजादको फैसलालाई उच्च अदालत पाटनले २३ मंसिर २०७२ मा सदर गरेको थियो। त्यसविरुद्ध कोइराला सर्वोच्च अदालत गएका थिए । त्यसपछि १५ असारको सर्वोच्चको आदेशपछि कोइराला ८ वर्ष ६ महिना जेल बसेर बुधबार कारागार मुक्त भएका छन् । पत्रुनी हत्याको कसुरमा सर्वस्वसहित जन्मकैदको सजाय भोगिरहेका कोइरालालाई सजाय घटाएर उन्मुक्ति दिने फैसलाविरुद्ध पुनरावलोकन हुने भएको छ । पुनरावेदनको निवेदनउपर आइतबार सर्वोच्च अदालतमा सुनुवाइ भएपछि पुनरावेदनका लागि निस्सा प्राप्त भएको हो। सर्वोच्चका तीन न्यायाधीश वमकुमार श्रेष्ठ, प्रकाशकुमार ढुंगाना र कुमार रेग्मीको पूर्ण इजलासमा सुनुवाइ भएपछि पुनरावलोकनमा जानका लागि निस्सा प्राप्त भएको हो । अब प्रधानन्यायधीशले इजालस तोकेपछि यो यसमा बहस सुनुवाइ हुनेछ।




## हाम्रो अनुरोध

सिंचाइ पुर्वाधार, कृषि विकासको मुल आधार सिंचाइ गरौँ, उत्पादन बढाऔँ। सिंचाइको विस्तार कृषकको जीवनस्तरमा सुधार राष्ट्रिय खाद्या सुरक्षामा टेवा पुऱ्याऔँ, गरिबी न्यूनिकरण गरौँ।

कृषि ज्ञान केन्द्रको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकामा पुर्ण सरसफाइ अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौं।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको, कार्यालय
कालिकोट

## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

– मासुको लागि बध गरिने पशुपन्क्षीहरूको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौं ।
– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
– पशुपन्क्षी बध गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
– खुला रुपमा राखेको र झिंगा भन्केको माछा,मासु नखाउ र नखुवाऔं ।
– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

पचालझरना गाउँपालिकाको कार्यालय
कालिकोट

## क्षयरोग (टि.बी.) का लक्षणहरु

१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु।
२. साझँ पख सधै ज्वरो आउनु।
३. खाना खान मन नलाग्नु।
४. तौल(वजन) घट्नु।
५. खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट

## सान्नी त्रिवेणीको सन्देश

सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीबुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान।

सान्नी त्रिवेणी गाउँपालिका
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# 'सहमहामन्त्री दिएको छु'

मिसन न्यूज
काठमाडौं

नेपाली कांग्रेसले राप्रपा छाडेर पार्टी प्रवेश गरेका सुनिल थापालाई सहमहामन्त्री बनाएको छ। सभापति शेरबहादुर देउवाले थापालाई सहमहामन्त्री पद दिएको बताएका हुन्। 'धेरै साथीहरू हाम्रो पार्टी प्रवेश गर्नुभएको छ। अहिले हामीले के दिएका छौं र ! सहमहामन्त्री पद दिएको छु,' सभापति देउवाले भने, 'भोलिका दिनमा उहाँहरूले काम गर्दै जानुहुनेछ।' राप्रपाका पूर्वमहामन्त्री थापालाई सभापति देउवाले सदस्यता दिएर र वरिष्ठ नेता रामचन्द्र पौडेलले माला लगाएर मंगलबार पार्टी प्रवेश गराएका हुन्। देउवाले आफू प्रधानमन्त्री हुँदा थापा मन्त्री रहेको प्रसंग निकाल्दै काम गर्न सक्ने क्षमता थापामा रहेको बताए। उक्त अवसरमा सभापति देउवाले अहिलेको सरकारको आलोचना गरेका थिए। सरकारले मिडिया, मानव अधिकारलगायतका क्षेत्रलाई 'कन्ट्रोल'मा लिन खोजेको देउवाको दाबी थियो। सरकारबाट लोकतन्त्रमाथि नै खतरा रहेकोले प्रजातन्त्रमा विश्वास गर्ने शक्ति एक हुनुपर्ने उनले बताए। कांग्रेस प्रवेश गरेका थापाले २०१० सालदेखि कांग्रेससँग टुटेको नाता आजदेखि फर्किएकोमा खुसी व्यक्त गरेका थिए। उनका बुवा सूर्यबहादुर थापा २०१० सालमा कांग्रेस धनकुटा सभापति थिए। 'झण्डै ६५ वर्षपछि आज कांग्रेससँग मैले नाता जोड्न पाएँ, जुन सहयोग तपाईंहरूले दिनुभयो त्यसका लागि कांग्रेसका पदाधिकारीलाई धन्यवाद दिन चाहन्छु' थापाले भने।



# कोरियामा कोरोना सङ्क्रमित बढे

एजेन्सी
दक्षिण कोरिया

दक्षिण कोरियामा कोरोना भाइरस (कोभिड-१९) का सङ्क्रमित पछिल्लो समयमा बढ्न थालेका छन्। पछिल्लो समयमा यहाँका सङ्क्रमितहरु बढ्न थालेको देखिएको बताइएको छ। यहाँका सरकारी अधिकारीहरुले सोलमा पछिल्लो महिना संक्रमित हुनेहरुको संख्या बढ्दै गएको देखिएको समाचारमा जनाइएको छ। प्राप्त समाचारमा पछिल्लो २४ घण्टामा यहाँ थप ४८ जनामा कोरोना भेटिएको बताइएको छ। बुधबार बिहान सो जानकारी दिइएको हो। योसँगै यहाँका सङ्क्रमितहरुको संख्या १४ हजार २५१ जना पुगेको बताइएको छ। यहाँ पछिल्लो हप्ता हरेक दिन ३० जना भन्दा कमै मात्र सङ्क्रमित थपिने गरेको भए पनि गएको केही दिन यता भने त्यसमा वृद्धि भएको र सङ्क्रमितहरु थपिएका बताइएको हो। उनीहरुमध्ये अधिकांश विदेशबाट आएका व्यक्तिमा पाइएको पनि सो समाचारमा जनाइएको छ। गएको २४ घन्टामा थपिएका ४८ जना सङ्क्रमितमध्ये २९ जना त विदेशबाट आएका नारिक हुन्। पछिल्लो दुई दिनमा दुई व्यक्तिको मृत्यु भएपछि सङ्क्रमणबाट ज्यान जानेको संख्या ३०० जना पुगेको बताइएको छ। यहाँका संक्रमितहरु बढीजसो चर्चमा गएका व्यक्तिहरुबाट भएका बताइएको छ। यहाँ निकै थोरै संख्यामा मात्र सङ्क्रमितहरु रहेका थिए र यहाँको मृत्यु दर पनि २.११ प्रतिशत मात्र रहेको थियो। यहाँका १३ हजार भन्दा बढी नागरिक निको भएर घर फर्किएका छन्। यहाँका अधिकारीहरुले दक्षिण कोरियामा निको हुने व्यक्तिको संख्या ९१ प्रतिशत भन्दा बढी भएको बताएका छन्। दक्षिण कोरिया सरकारले कोरोना भाइरसको सङ्क्रमणलाई रोक्न विदेशका अरु देशहरुको तुलनामा प्रभावकारी काम गरेको बताइएको छ। तर प्राप्त समाचारमा दक्षिण कोरियामा पनि पछिल्लो समयमा सङ्क्रमितहरुको संख्या बढ्दै गएको देखिएको भए पनि उनीहरु विदेशबाट आएका बढी रहेको बताइएको छ। दक्षिण कोरियाको सरकारले गएको जुन ३ तारिखदेखि कोरोना भाइरसको परीक्षण शुरु गरेको थियो। त्यसयता आजसम्ममा यहाँको सरकारले करिब १५ लाखभन्दा बढी व्यक्तिको परीक्षण गरेको जनाएको छ।



# साताको भाग्यफल

| | |
|---|---|
| मेष : | राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ। बन्दव्यापार र पेसाव्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ। वाहन लाभको योगपनि छ। मध्य सातामा नजिकका व्यक्तिबाट कार्यमा बाधा आउनेछ। |
| वृष : | नयाँ ठाउँमा आर्थिक लगानी गर्नु उपलब्धीमूलक हुँदैन। वैदेशिक क्षेत्र कमजोर रहनेछ। सामान हराउने वा चोरी हुने भयछ। साताको अन्त्यमा रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। |
| मिथुन : | रमाइलो यात्राको योग रहेको छ। मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। वाहन लाभ पनि हुनेछ। मध्य सातामा विचार पुर्याएर निर्णय लिनु राम्रो होला। |
| कर्कट : | धर्म कर्म, परोपकार, समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ। ठुला व्यक्तिले तपाईको मेहनतको प्रसंसा गर्नेछन्। मित्र जनको साथ सहयोगले उल्लेख्य कार्य सम्पादन हुनेछ। फलदायी यात्रा र शुभकार्यको चर्चा चल्नेछ। |
| सिंह : | राजनैतिक र सामाजिक प्रतिष्ठा कायम राख्न लगानी गर्ने समय आएको छ। बन्धुबान्धव र दाजुभाइको सहयोग लिनसकिनेछ। लामो समयदेखि रोकिएका अधुरा कामहरु पुरा हुनेछन्। |
| कन्या : | नियमित खर्चसमेत बढ्ने योग छ। व्यवसायमा मन्दी आउनेछ। सामान हराउने वा चोरी हुने सम्भावना छ। सोमवारबाट धन र व्यवहारमा फाइदा हुनेछ। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। |
| तुला : | शुभ कार्यमा सरिक भाइनेछ। मित्रबाट विशेष सहयोग मिल्नेछ। चिताएको कामले तीव्रता लिनेछ। अतिथिका रूपमा सम्मान पाइनेछ। साताको अन्त्यमा घरायसी कामधन्दाका लागि खट्नु पर्नेछ। झन्झटीलो कार्यमा समय खेरा जाला। |
| वृश्चिक : | स्वादिष्ट भोजनपनि पाईनेछ। काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ। आफन्त संग रमणीय र सुखद् यात्राको योग छ। मध्य सातामा महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ। एक किसिमको निरसतापनि आउन सक्छ। |
| धनु : | कामगर्ने जोश,जाँगर र हिम्मत बढ्नेछ। मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। तिर्थाटनको योगपनि रहेको छ। साताको अन्त्यमा ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। |
| मकर : | सौन्दर्यतामा धन खर्चपनि हुनेछ। जीवनसाथी संग राय बाजिनेछ। विहिवारबाट अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ। बुद्धिको उपयोग गर्दा जटिल ठानिएको कार्यहरू सम्पादन हुन सक्छ। |
| कुम्भ : | व्यवसायको सन्दर्भमा रमाइलो यात्रा हुनेछ। नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ। परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ रोकिएको धन हाता पर्न सक्छ र सुखद् यात्राको योगपनि छ। |
| मीन : | व्यावसायिक काममा राम्रै फड्को मार्न सकिनेछ। धार्मिक,सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। वाणिज्य क्षेत्रबाट विशेष लाभ रहनेछ। पर ीक्षा आदि प्रतिस्पर्धामा उर्तिण हुनसकिनेछ। |

# विकास बजेट असारे......................

कारबाट आएका योजनाहरु अहिले असारमा आएर योजनाको सम्झौता, असारमै विकास धमाधम शुरु भएका छन । प्रदेश सरकारले समयमै अर्खतियारि नदिदा निर्माण सम्झौता समयमै गर्न नसकिएको रास्कोट नगरपालिकाले जनाएको छ । नगरप्रमुख काशिचन्द वरालका अनुसार, नगरपालिकाका योजनाहरु ८० प्रतिशत सम्पन्न हुँदा, प्रदेश र संघका योजनाहरु भर्खर शुरु भएका छन । यो हाम्रे कमजोरि होइन, प्रदेश सरकारको हो । वरालका अनुसार नगरका केहि योजनाहरु समयमै निर्माण हुन सकेका छैनन, वृहत आरसिपि बजार खानेपानि आयोजनाको काम पनि शुरु भएको छ । , लामो समयको उपभोक्ता समिति चयनको विवादले गर्दा भर खर काम शुरु भएको हो । नगरपालिका द्धारा विनियोजित १५ लाखको लागतमा निर्माण हुन लागेको योजनामा उपभोक्ता समिति चयनकै विवादका कारण ढिलाई हुन पुगेको प्रमुख वरालले बताए । यस्तै प्रदेश सरकार मार्फत आएका धेरै जसो योजनाहरुको निर्माण भर्खर शुरु भएको छ । प्रदेश सरकार अर्न्तरगत खाँडाचक्रमा आएको ताडि देखि राराघाट सम्मको सडक निर्माण, फोरा बान्ना नैनकुन्ज सडक, जिमजेढि खानेपानि, जनजिवन मावि,दशाला माविको भवन निर्माण , लगायतका योजनाहरु असारमै सम्झौता र असारमै विकासका काम शुरु भएका छन ।विषेश अनुदान तर्फ आएको वजेट २० लाखले नगरपालिकाका ११ वटै वडाहरुमा वाख्रा वितरण गर्ने नगरपालिका प्रमुख प्रशासकिय अधिकृत्र खड्क प्रर्साद उपाध्यायले बताए । समयमै अर्खतियारि नआउदा केहि योजना सम्पन्न नहुन सक्ने पनि बताए । यस्तै मुख्यमन्त्री रोजगार कार्यक्रमका योजनाहरु पनि अहिले धमाधम निर्माण हुन लागेका छन ।


## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

**– मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।**

**– बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुआँै ।**

**– पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ ।**

**– खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔँ ।**

**– माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ ।**

**पलाँता गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## 'भष्ट्राचार विरुद्धको सहकार्य:सुशासनको लागी अपरिहार्य'

कुनै सार्वजनिक जवाफदेही पदमा बहाल रहेको व्यक्तिले भष्ट्राचारगरी अख्तियारको दुरुपयोग गरेमा देहायको ठेगानामा पत्राचार, ईमेल, फोन वा फ्याक्स गरी भष्ट्राचार नियन्त्रण र सुशासन प्रबर्द्धनमा सहयोग पुऱ्याउन हुन अनुरोध छ ।

**सम्पर्क ठेगाना**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय,सुर्खेत
फोन नं.०८३-५२५३७४,०८३-५२३१७८,०८३-५२१९६०
फ्याक्स नं. ०८३-५२३८८४
२४ सै घण्टा उपलब्ध हुने मोवाइल नं. ९८५८०५३४२२
ईमेल नं. ciaasurkhat@gmail.com

## जनहितका लागि सन्देश

**सुन्दर र समृद्ध गाउँपालीका निर्माण, एकमात्र आधार जैविक, कृषी उत्पादन, पशुपालन र जडीवुटीको माध्यामवाट निर्यातमुखी अर्थतन्त्रको विकास हाम्रो सशक्त अभियान ।**

**शुभकालिका गाउँपालिका**
**कालिकोट**

## बेस्ट कर्णाली मिडियाद्धारा जारी सुचना

बेस्ट कर्णाली मिडिया प्रालिद्वारा प्रकाशित 'ख' वर्गमा वर्गिकृत मिसन न्युज साप्ताहिक पत्रिका सुर्खेत र कालिकोटबाट एकै साथ प्रकाशन भईरहेको छ । साथै **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

हाम्रा विशेषता

– सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन्
– अनलाईन पत्रिका डिजाइन ।
– वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
– वेव तथा अनलाईनका लागि होस्टीग ।
– स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
– भिडियो डुकुमेन्ट्री उत्पादन ।
– स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

फोन : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३
इमेल : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com

## सर्म्पुणमा अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौँ । बासी झिंगा भन्केको खानेकुरा नखाऔं । घर आगन सफा सुग्घर राखौं । स्वस्थ्य जीवन राख्न सधै सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**महावै गाउँपालिकाको कार्यालय**
**कालिकोट**

## आदर्शपुर्ण नैतिक शिक्षा तथा उच्च्च परिवारिक मुल्य मान्यता, दया, आदर र आत्मसम्मानको भाव प्रदान गर्ने प्रकृतिको चेतना अभिबृद्धि गरौँ ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित मिसन न्यूज राष्ट्रिय साप्ताहिक, सम्पादक,पवित्र शाही, कार्यालय, विरेन्द्रनगर.६,सुर्खेत, खाँडाचक्र न.पा.१,कालीकोट, फोनः ०८७-४४०२४२,९८४८०४९४५५ ९८६८३१५३५३,९८४८३२९७४८,इमेल,missionnewsp@gmail.com,bestkarnalimedia@gmail.com, मुद्रण, ईश्वर अफसेट प्रेस,कालीकोट,नवदुर्गा छापाखाना,वि.न.पा.सुर्खेत